# उपाध्यक्ष श्री ललिता अधिकारीज्यू बाट
# गण्डकी गाँउपालिकाको तेह्रौ गाँउ सभामा प्रस्तुत
# आर्थिक बर्ष २०८०।८१ को बजेट वक्तव्य

## गण्डकी गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय भुम्लिचोक, गोरखा
## गण्डकी प्रदेश, नेपाल
## २०८०

# गण्डकी गाँउपालिका, भुम्लिचोक गोरखा
# बजेट वक्तव्य
# आर्थिक बर्ष २०८०।८१

सभामा प्रस्तुत मिति : २०८०/३/१०　　　　　　　　　　　　सभावाट स्वीकृत मिति : २०८०।

**गाँउसभाका आदरणीय सभाध्यक्षज्यू,**
**सभाका सदस्यज्यूहरु**
**राष्ट्रसेवक कर्मचारी मित्रहरु,**
**पत्रकार एवं संचारकर्मीज्यूहरु**
**गण्डकी गाउँपालिकावासी सम्पूर्ण आमा वुवा दाजु भाइ दिदी वहिनीहरु**

आज हामी यस गण्डकी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।८१ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा यस गरिमामय सभामा उपस्थित भईरहेका छौ । यसै अवसरमा यस सम्मानित गाँउसभामा उपस्थित रहनुहुने आदरणीय सभाध्यक्षज्यू, सभाका सदस्यज्यूहरु, सभाका सचिवज्यू, कर्मचारी साथीहरु एवं पत्रकार तथा संचारकर्मी मित्रहरु लगायत यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्न चाहान्छु । संघीयता कार्यान्वयन पछि सम्पन्न भएको दोश्रो स्थानीय तह सदस्य निर्वाचन पछिको दोस्रो वर्षमा हामी यो वजेट तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेका छौ । यसै गरी आजको यस महत्वपूर्ण घडीमा यहाँहरु सामु उभिएर गण्डकी गाउँपालिकाको भावी रुपरेखा कोरिएको वजेट प्रस्तुत गरि रहँदा उत्पिडनका विरुद्ध आफुलाई सदा अग्रगामी मोर्चामा आवद्ध गराएर देश र जनताका लागि आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात, अज्ञात वीर सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यसै क्रममा घाइते भई उपचारत रहनु हुने सम्पूर्ण घाईते योद्धाहरु प्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्दै वेपत्ता नागरिकहरु र उहाँहरुको परिवारजन प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

मेरो दोश्रो कार्यकालको दोस्रो वर्षमा विधि र शासनको परिपालना गर्दै गाउँ सभा संचालनको निर्धारित समय सिमा भित्र नै गण्डकी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को बजेट सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा निकै खुशी लागेको छ । भिन्न भिन्न पृष्ठभूमिवाट एक ठाउँमा उभिन आइपुगेका हामीहरु जनताको सेवा सुविधा प्राप्ती र गण्डकी गाउँपालिकावासीहरुको विकास निर्माण र उज्वल भविस्यका लागि एक मतका साथ अगाडी वढ्नु पर्छ भन्ने मेरो भनाई रहदै आएको छ र यो भनाई यहाँ पुनः दोहोर्‍याउन चाहान्छु । सिद्धान्त र विचार फरक फरक हुन सक्छन तथापी सवैको लक्ष्य गाउँपालिकाको विकास र जनताको सुख सुविधामा केन्द्रित हुनु पर्दछ भन्ने हो । ५ वर्षको लागि गण्डकी गाउँपालिकावासीहरुले हामी सवैलाई एक पटक यस गण्डकीको उज्जवल भविस्य र समुन्नत विकास निर्माणका लागि अवसर प्रदान गर्नु भएको छ विचार र सिद्धान्तलाई थाती राख्दै एकवद्ध भएर विकास निर्माणका लागि अगाडी वढ्नु नै आजको आवश्यकता हो । विगत देखि एक आपसमा विमती रहेका विभिन्न मुद्धाहरु हुनसक्छन, यस्ता साझा मुद्धाहरु हामी सवैको भन्ने भावनाका साथ ग्रहण गर्न सकियो भने सहज रुपमा नै समाधान गर्न सकिन्छ भन्ने मेरो विश्वास छ । गण्डकी गाउँपालिकावासीको वृहत्तर विकासमा यहाँहरु सवैको साथ र सहयोगको अपेक्षा राख्दै अव म आगामी आ.व. २०८०।८१ को वजेट प्रस्तुत गर्नु पूर्व चालु आर्थिक वर्ष २०७९।८० मा भएका मुख्य मुख्य उपलव्धिहरुको वारेमा संक्षिप्त प्रकाश पार्ने अनुमति चाहन्छु ।

**सभाका सभाध्यक्ष एवं सदस्यज्यूहरु**
**चालु आर्थिक वर्ष २०७९।८० को हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरणः**

## अब म आर्थिक वर्ष २०७९।०८० को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

- आर्थिक वर्ष २०७९।८० मा रु २ करोड ३६ हजार राजस्व संकलन हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षको हालसम्म करिव रु ९२ लाख ४७ हजार सात सय बिस राजस्व संकलन भएको छ । त्यसैगरी आर्थिक वर्षको हालसम्ममा नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान तर्फ रु १४ करोड ९१ लाख अनुमान गरिएकोमा रु १३ करोड ४ लाख ६२ हजार ५ सय रुपैया प्राप्त भएको मध्ये ९ करोड २३ लाख ६४ हजार ९१० रुपैया खर्च भएको छ, भने संघीय राजस्व बाँडफाँटबाट रु ८ करोड ९६ लाख १ हजार रुपैया आय प्राप्त हुनु पर्नेमा आ.ब.को हालसम्ममा ५ करोड ९८ लाख ५० हजार २ सय ३५ रुपैया मात्र प्राप्त भै २ करोड ८२ लाख ८३ हजार ८ सय ६६ रुपैया खर्च भैसकेको छ ।
- चालु आर्थिक वर्ष २०७९।८० को लागि संघीय सशर्त अनुदान तर्फ रु २७ करोड ७९ लाख ३२ हजार रुपैया अनुमान गरिएकोमा चालु आ.ब.को हालसम्ममा रु. २७ करोड ५७ लाख ८९ हजार आम्दानी भै यसै अवधीमा रु १९ करोड ६६ लाख ९५ हजार २ सय १ रुपैया खर्च भएको छ ।

- त्यसैगरी आर्थिक वर्ष २०७९।८० को हालसम्ममा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान तर्फ रु १ करोड ८२ लाख ५९ हजार आय अनुमान गरिएकोमा हालसम्ममा रु. १ करोड ५९ लाख ७६ हजार ६ सय २५ रुपैया आम्दानी भै रु. ५२ लाख ८० हजार ७ सय २९ रुपैया मात्र खर्च भएको छ भने प्रदेश राजस्व बाँडफाँटबाट रु ७२ लाख ३४ हजार रुपैया अनुमान गरिएकोमा ६८ लाख २१ हजार ३४५ रुपैया आय प्राप्त भई २१ लाख १४ हजार २९ रुपैया खर्च भएको छ ।
- संघीय समपुरक अनुदान शीर्षकमा रु ८० लाख अनुमान गरिएकोमा हालसम्म प्राप्त नभएको तथा कार्यसम्पन्न पश्चात प्राप्त भई भुक्तानी हुने व्यहोरा जानकारी गराउँदछु । त्यसै गरी प्रदेश समपुरक अनुदान शीर्षकमा रु ८० लाख आय अनुमान गरिएकोमा ४० लाख प्राप्त भै रु. ३५ लाख १२ हजार ३ सय ६९ रुपैया खर्च भएको छ ।
- आर्थिक वर्ष २०७९।८० मा प्रदेश सरकार शसर्त अनुदान तर्फ रु ५० लाख अनुमान गरिएकोमा रु २५ लाख आय भई हाल सम्ममा २४ लाख ३० हजार ५ सय ७० खर्च भईसकेको व्यहोरा निवेदन गर्न चाहन्छु ।
- चालु आर्थिक वर्षमा संघीय विशेष अनुदान तर्फ २ करोड ६६ लाख अनुमान भएकोमा हालसम्ममा रु. ५३ लाख प्राप्त भै रु. ३१ लाख १३ हजार ६ सय ९४ रुपैया खर्च भएको छ ।

## अव म आर्थिक बर्ष २०७९०८० मा क्षेत्रगत बजेट तथा यथार्थ खर्च विवरण पेश गर्न अनुमति चाहन्छु ।
**आर्थिक विकास क्षेत्र :**

- आर्थिक विकास क्षेत्र अन्तर्गत कृषि, पर्यटन, सहकारी, जलश्रोत, पशुपन्छी विकास र भूमि व्यवस्थाका क्षेत्रमा आर्थिक बर्ष २०७९।८० मा रु. ५ करोड ८७ लाख ३३ हजार विनियोजन गरिएकोमा हालसम्म रु. ९६ लाख ८९ हजार ३६८ रुपैया खर्च भएको छ । यो कूल आय अनुमानको १६.६५ प्रतिशत हुन आउँछ ।

**पुर्वाधार विकास क्षेत्र :**
- पुर्वाधार विकास क्षेत्र अर्न्तगतका उपक्षेत्रहरु सडक पूर्वाधार, भवन/आवास तथा सहरी विकास, उर्जा, बिज्ञान तथा प्रविधिमा चालु आर्थिक बर्षका लागि रु २० करोड ७२ लाख ६७ हजार रुपैया

अनुमान गरिएकोमा यस अवधिसम्ममा १० करोड ८२ लाख ६ हजार ८८१ रुपैया खर्च भएको छ। यो आय अनुमानको ५२.२१ प्रतिशत हो ।

**सामाजिक विकास क्षेत्र**

- सामाजिक विकास क्षेत्र अन्तर्गतका बिषयहरु जस्तै सामाजिक सुरक्षा तथा संरक्षण, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, भाषा तथा संस्कृति, युवा तथा खेलकुदमा यस आर्थिक बर्षका लागि रु ३० करोड ५३ लाख ९२ हजार १ सय ६२ रुपैया अनुमान भएकोमा यस आ.ब.को हालसम्ममा रु. २१ करोड ८९ लाख ८२ हजार ४ सय ७८ रुपैयामात्र खर्च भएको छ। यस क्षेत्रमा कुल आय अनुमानको ७१.०७ प्रतिशत रहेको छ।

**सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्रः**

- आर्थिक बर्ष २०७९।८० मा सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्रमा रु ३ करोड ९ लाख ३६ हजार अनुमानित गरिएकोमा चालु आ.व. २०७९।८० को हालसम्ममा रु १ करोड ७२ लाख ८८ हजार ६१७ रुपैया खर्च भएको छ। यो कुल अनुमानको ५५.८९ प्रतिशत हुन आउँछ।
- आर्थिक बर्ष २०७९।८० मा कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा रु ९ करोड ८ लाख २ हजार ५ सय २० अनुमानित गरिएकोमा आ.व. २०७९।८० को हालसम्ममा रु ६ करोड १ लाख ६१ हजार ९ सय ३ खर्च भएको छ । यो कूल आय अनुमानको ६६.२६ प्रतिशत हुन आउँछ ।

## बजेटको सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धि :

**क) सोच :**

**सामाजिक न्याय सहितको दिगो विकासको चाहना – कृषि, उद्योग, पर्यटन प्रवर्द्धन गण्डकीको योजना"**

**ख) लक्ष्य :**

- "उत्पादनशील रोजगारी, मर्यादित जीवन, समावेशी र सुशासनयुक्त गाउँपालिका"

**ग) उद्देश्यहरु :**

- आन्तरिक राजस्व अभिवृद्धि मार्फत परनिर्भरता कम गर्ने
- उत्पादन, रोजगारी र आयआर्जनका अवसर प्रवर्द्धन गर्ने,
- सांस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने,
- गुणस्तरीय स्वास्थ्य तथा शिक्षा र सभ्य समाजको आधार तयार गर्ने,
- बसोबास, भौतिक सुविधा तथा अन्तर्आवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउने,
- वन, जलाधार एवम् जैविक विविधताको संरक्षण, गुणस्तर तथा दिगो प्रयोगमा अभिवृद्धि गर्ने,
- विकास पूर्वाधारलाई दिगो, विपद प्रतिरोधी तथा सामाजिक एवं संस्थागत जीवनलाई उत्थानशील बनाउने,
- स्थानीय सेवा तथा विकास उपलब्धिलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउने,

## वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु :

**क) समग्र नीति तथा आधारहरु :**

**समग्र नीति :**

- कृषि तथा पशुजन्य उपजको मुल्य तथा बजार मागका आधारमा उत्पादनलाई विशिष्टिकरण, व्यावसायीकरण, विविधिकरण, उत्पादन सम्झौता गरी उत्पादन, रोजगारी तथा आम्दानीमा वृद्धि गर्ने ।
- जलयात्रा पर्यटन, ग्रामीण पर्यटन र कृषि पर्यटन प्रवर्द्धनमार्फत आय तथा रोजगारीमा वृद्धि गर्ने
- शिक्षा तथा स्वास्थ्यमा पहुँच तथा गुणस्तर अभिवृद्धि, सुदृढ सरसफाई तथा स्वच्छ खानेपानी सुविधाको सुनिश्चित गर्ने
- सामाजिक न्याय, समावेशीकरण, सामाजिक सुरक्षामा सहज पहुँच स्थापित गर्नेः

- दिगो तथा उत्पादनशील पूर्वाधार निर्माण, सहज यातायात, सुरक्षित आवास, सुलभ सञ्चार सुबिधा र स्वच्छ उर्जाको विस्तार र स्तरोन्नति गर्ने:
- विकासको प्रकृयालाई योजनावद्ध, दिगो, नतिजामुखी र विपद् उत्थानशील बनाउने:
- विकास प्रकृयालाई द्रुततर तुल्याउन अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजसँगको समन्वय, साझेदारी र सहकार्यलाई प्रभाबकारी गराउने
- जनमुखी सेवा प्रबाह, आयोजना व्यवस्थापन क्षमता र जवाफदेहिताको अभिवृद्धि गर्दै सुशासनको प्रवर्द्धन गर्ने
- आन्तरिक रास्श्व सदृढीकरण, विवेकपूर्ण श्रोत परिचालन र वित्तीय अनुशासन प्रवर्द्धन गर्ने
- उद्यमशीलताको माध्यम मार्फत आम्दानी तथा रोजगारीका अवसरहरुको श्रृजना गर्ने

**समग्र आधारहरु :**

- बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान र कानूनहरु, नेपाल सरकार तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, विनियोजन विधेयक २०७९, आ.ब.२०७९।०८० को नीति तथा कार्यक्रम र प्राथमिकता, निर्मित विविध कानूनहरु, गाँउपालिका निर्णयहरु तथा दिगो विकास लक्ष्यहरुलाइ मुख्य आधार बनाएको छु। साथै, गाउँपालिका भित्रका प्रमुख राजनीतिक दलहरुको राय सुझाव तथा अन्य विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त हुन आएका महत्वपूर्ण सुझावहरुलाई समेत बजेट निर्माण गर्दा बिशेष ध्यान दिएको छु।
- स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजस्व बाँडफाँडलाई मुल आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै यस बजेटमा गाँउपालिकाको आफ्नो क्षेत्राधिकारभित्र कर तथा गैह्र कर राजस्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु।
- अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पूँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययीता अपनाउने गरी बजेट प्रस्ताव गरेको छु । साथै कार्यक्रमको छनौट, साधन स्रोतको बाँडफाँट र विनियोजनमा देखिने दोहोरोपनलाई न्यूनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका बीचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु।
- समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण, परिपूरक कानून तर्जुमा, भौतिक पूर्वाधारको निर्माण र व्यवस्थापन, आन्तरिक स्रोतको आधार विस्तार, उत्पादन र उत्पादकत्व अभिबृद्धि, आयोजनाको प्राथमिकीकरण, असल शासन प्रबर्द्धन र अन्तर सरकारी सहकारिता, सह-अस्तित्व र समन्वय हाम्रो सरकारका प्रमुख जिम्मेवारी रहेका छन्

**सभाध्यक्ष एवं सदस्यज्यूहरु**

**अव म आर्थिक बर्ष २०८०।८१ का लागि बजेट तथा बजेटका स्रोतहरुको अनुमान पेश गर्न अनुमती चाहन्छु।**

- आर्थिक बर्ष २०८०।०८१ को अनुमानित कूल वजेट रु ६१ करोड, ७२ लाख ४ हजार १ सय रहेको छ। जसमा संघीय सरकार वित्तिय समानीकरण अनुदान रु १२ करोड ९४ लाख, संघीय सरकार शर्सत अनुदान रु २८ करोड, ९ लाख, संघीय समपुरक अनुदान तर्फ १ करोड ७५ लाख र संघीय विशेष अनुदान रु १ करोड ४० लाख, संघीय सरकार राजस्व बाँडफाँट रु ८ करोड ७७ लाख ९७ हजार १ सय गरी जम्मा ५२ करोड ९५ लाख ९७ हजार १ सय अनुमान प्रस्ताब गरेको छु।
- प्रदेश सरकार वित्तिय समानीकरण अनुदान रु १ करोड ८३ लाख १९ हजार, प्रदेश सरकार शसर्त अनुदान रु ६० लाख, र प्रदेश सरकार समपुरक अनुदान रु ५० लाख, प्रदेश सरकार राजश्व बाँडफाड रु ८० लाख ३८ हजार गरी जम्मा रु ३ करोड ७३ लाख ५७ हजार प्राप्त हुने अनुमान गरेको छु।
- गण्डकी गाँउपालिकाको आन्तरिक राजस्व तर्फ रु २ करोड २ लाख ५० हजार अनुमान गरेको छु। मौज्दात तर्फको ३ करोड बाकी मौज्दात रहेकोमा यस सम्बन्धी विस्तृत विवरण भएको आर्थिक विधेयक यसै साथ संलग्न गरेको छु। माथि उल्लेखित आय अनुमान बाहेक रोजगार कार्यक्रममा

प्राप्त हुने वजेट लघु उद्यम विकास कार्यक्रम, सामाजिक सुरक्षा भत्ता, सडक बोर्डबाट प्राप्तहुने वजेट तथा कार्यक्रम र अन्य निकायबाट थप प्राप्त हुने कार्यक्रमलाई बार्षिक वजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

**मुख्य आयोजना कार्यक्रमहरुको विवरण तथा अनुमानित व्यय र स्रोत व्यवस्थापन तर्फ :**
**अब म आर्थिक बर्ष २०८०।८१ का लागि अनुमानीत वजेटको विस्तृत विवरण पेश गर्न चाहन्छु ।**

- वडा गौरवका आयोजनाको बृहत सफलतालाई निरन्तरता दिनका लागि प्रत्येक वडामा ५० लाखको वडा गौरव योजनालाई निरन्तरता दिन रु ४ करोड विनियोजन गरेको छु ।
- विपद जन्यघटनाहरु न्युनिकरण र व्यवस्थापनका लागि विपद् व्यवस्थापन शीर्षकमा रु. १५ लाख विनियोजन गरेको छु ।
- यसै गरी वडा कार्यालयको प्रशासनिक खर्च र वडाका जनप्रतिनिधिहरुको भ्रमण खर्च व्यवस्थापन गर्ने गरी प्रति वडा रु. ३ लाखका दरले जम्मा रु. ५ लाख ५६ हजार २५० रुपैया विनियोजन गरेको छु ।
- गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि रु २ करोड बिनियोजन गरेको छु ।
- गाउँपालिकाको मुख्य सडकको रुपमा रहेको फिस्लिङ आग्रीडाँडा भूम्लिचोक भैरवी सडकलाई समपूरक कोष अन्तर्गत कार्यान्वयन हुने गरी रु १ करोड २५ लाख विनियोजन गरेको छु ।
- गाउँपालिकाका कृषक प्रोत्साहन कार्यक्रम अन्तर्गत उत्पादनमा आधारित अनुदान कार्यक्रमका लागि ५० लाख बिनियोजन गरेको छु ।
- प्रदेश सरकार र गाउँपालिकाको समपुरक अनुदानमा सञ्चालन हुने सिउरेनिटार बेनिगाउँ सडकको लागि रु. ५० लाख र संघ तथा स्थानीय तहको समपूरक अनुदानमा सञ्चालन हुने वडा नं ८ देखि वडा न ७ कार्यालय सडक खण्डका लागि रु ५० लाख वजेट विनियोजन गरेको छु ।
- वेरुजु न्युनिकरण तथा अभिलेख व्यवस्थापन गर्न सफ्टवेयर प्रणालीको विकास गर्न रु ५ लाख वजेट व्यवस्थापन गरेको छु । यसवाट गाउँपालिका भित्र कायम रहेको वेरुजुको अभिलेखीकरण गरी सो को फर्स्यौट गर्न गराउने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह हुने विश्वास गरेको छु ।
- न्यायिक समितिको भूमिका अभिवृद्धि मेलमिलाप केन्द्र व्यवस्थापन तथा मेलमिलाप सहजकर्ताहरुको क्षमता अभिवृद्धिका लागि रु. ५ लाख विनियोजन गरेको छु । यसवाट न्याय निरुपणमा चुस्तता आउने अपेक्षा गरेको छु ।
- गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माण कार्यको जानकारी नागरिकहरुलाई प्रदान गरि नागरिकहरुको सूचनाको हकलाई प्रत्याभूत गर्न र गुनासो व्यवस्थापन गर्न सार्वजनिक सुनुवाई कार्यक्रमको लागि रु ३ लाख बजेट विनियोजन गरेको छु ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यको सहजिकरणको लागि रु ६ लाख विनियोजन गरेको छु
- विगतदेखि उपलब्ध गराइदै आएको गण्डकी छात्रवृत्ति कार्यक्रमलाई यस वर्ष समेत निरन्तरता दिई रु १० लाख विनियोजन गरेको छु । यसबाट उच्च शिक्षामा प्राविधिक शिक्षा अध्ययनरत विपन्न विद्यार्थीहरु लाभान्वीत हनेछन् ।
- गण्डकी गाउँपालिकाभित्र होम डेलिभरी शुन्य बनाउन स्वास्थ्य सँस्थामा नै सुत्केरी गराउन तथा मातृ तथा शिशु मृत्युदर घटाउने उद्देश्यसहित गत विगत देखि दिइदै आएका सुत्करी प्रोत्साहन भतालाई यस आगामी वर्षका लागि समेत यथावत कायम गरेको छु  र यसकालागि  रु २० लाख विनियोजन गरेको छु ।
- प्राकृतिक विपदवाट पिडित व्यक्तिहरुलाई उद्दार तथा अल्पकालीन राहत उपलव्ध गराउन रु १५ लाख विनियोजन गरेको छु ।

- छात्रावास व्यवस्थापन अर्न्तगत तोमनडाँडा माध्यमिक विद्यालयको लागी रु. १२ लाख र ज्ञानमार्ग माध्यमिक विद्यालयको लागि ५ लाख वजेट विनियोजन गरेको छु ।
- विषयगत शाखा (कृषि विकास शाखा, पशु सेवा शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, स्वास्थ्य शाखा, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा र उद्योग, व्यवसाय तथा रोजगार प्रवर्द्धन शाखा) को लागि रु २ करोड विनियोजन गरेको छु ।
- यस आ.व. मा गाउँपालिका अन्तर्गत म्याद थप भएका तथा बहुवर्षीय योजनाका कार्यक्रमहरु निरन्तरतामा राखि कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको कार्यक्रमसंगा दोहोरोपना नहुने गरि गाउँपालिकाभित्र क्रियाशिल गैर सरकारी संस्थाहरुसँग समन्वय गरि योजना तथा कार्यक्रमहरु सञ्चालन गरिने व्यवस्था मिलाइनेछ ।

**सभाध्यक्षज्यू एवं सभाका सदस्यज्यूहरु,**

**अन्तमाः**

आगामी आर्थिक बर्ष २०८०।८१ को लागि आय व्यय अनुमान प्रस्तुत गरिरहँदा हामीले केन्द्र तथा प्रदेश सरकारद्वारा प्राप्त मार्गदर्शन तथा ऐन नियमहरुको पूर्णरुपमा पालना गर्दै सिमित श्रोत साधनका वावजुद आ.ब. २०८०।८१ का लागि लिईएका नीति तथा कार्यक्रमहरुसंग तादाम्यता मिलाउने प्रयास गरेका छौ । तथापी सवैले आफ्नोपनको अनुभूति गर्न सक्ने स्थानीय सरकार प्रति जनतामा रहेका असिमित चाहाना र आकाँक्षाका कारण हामीले वजेट मार्फत सवै आवश्यकताहरुलाई सम्बोधन गर्न नसकिरहेको अवस्था हुन सक्छ । यद्यपी यसलाई हाम्रो वाध्यताको रुपमा लिईदिनु हुनेछ भन्ने विश्वास लिएको छु । प्रस्तावित बजेट कार्यान्वयनमा जन प्रतिनिधि, कर्मचारी संयन्त्र, एवं गण्डकी गाउँपालिकावासी दाजु भाई दिदी वहिनी लगायत सरोकारवाला सवै पक्षहरुको आत्मिय साथ र सहयोगको पूर्ण अपेक्षा राख्दछु । साथै आगामी आ.ब.को वजेट कार्यान्वयनले हामीले उदघोष गरेको हाम्रो गाँउपालिकाको नारा **"सामाजिक न्याय सहितको दिगो विकासको चाहाना कृषि, उद्योग, पर्यटन प्रवर्द्धन गण्डकीको योजना"** लाई साकार पार्नमा थप कोषे ढुङ्गा सावित हुनेछ भन्दै वजेट तथा योजना तर्जुमा प्रकियामा संलग्न सभाध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु, सबै विषयगत समितिका पदाधिकारीज्यूहरु वडा कार्य समिति, कर्मचारी संयन्त्र लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै गण्डकी गाउँपालिकावासी सम्पूर्ण दाजु भाई दिदी वहिनीहरु सवैमा पूनः हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद

**ललिता अधिकारी**

**उपाध्यक्ष**

**गण्डकी गाँउपालिका, भूम्लीचोक गोरखा**